# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, जेठ २८ गते, २०८३ साल (संख्या ४

## भाग २

### गण्डकी प्रदेश सरकार

### सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको सूचना

**गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०८३**

गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०८२ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम "गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०८३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "ऐन" भन्नाले गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०८२ सम्झनु पर्छ ।

(ख) "संघीय नियमावली" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ समेत लाई जनाउँछ ।

(ग) "अपाङ्गता अनुकूल" भन्नाले अपाङ्गता भएका व्यक्तिहरूले बिना अवरोध स्वतन्त्र रूपमा सहभागिता जनाउन सक्ने पहुँचयुक्त समावेशी तथा सहज रूपमा प्रयोग गर्न मिल्ने भौतिक, डिजिटल, सामाजिक, आर्थिक र सांस्कृतिक वातावरण सम्झनु पर्छ ।

(घ) "अपाङ्गता सहायता कक्ष" भन्नाले प्रदेश सरकारका विभिन्न मन्त्रालय, निकाय, कार्यालय र स्थानीय तहमा स्थापना गरिने अपाङ्गता सहायता कक्ष सम्झनुपर्छ ।

(ङ) "लिपी" भन्नाले ब्रेल लिपी सम्झनु पर्छ ।

(च) "भाषा" भन्नाले साङ्केतिक भाषा र स्पर्श साङ्केतिक भाषा सम्झनु पर्छ।

(छ) "परिचयपत्र" भन्नाले अपाङ्गता भएका व्यक्तिलाई दिइने नियम ३ बमोजिमको अपाङ्गता परिचयपत्र सम्झनु पर्छ ।

(ज) "विपन्न" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको आयभन्दा कम आय भएका व्यक्ति वा परिवार सम्झनु पर्छ ।

(झ) "सहायक सामग्री" भन्नाले अपाङ्गता भएका व्यक्तिले दैनिक जीवनमा प्रयोग गर्ने सामाग्री वा उपकरण वा प्रविधि सम्झनु पर्छ ।

(ञ) "साङ्केतिक भाषा र स्पर्श सांकेतिक भाषा" भन्नाले सुनाइ सम्बन्धी अपाङ्गता भएका व्यक्ति र श्रवण दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिले सञ्चार गर्नका लागि प्रयोग गरिने भाषालाई सम्झनु पर्छ ।

(ट) “दोभाषे” भन्नाले सुनाइ सम्बन्धी अपाङ्गता र श्रवण दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिलाई सञ्चार गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

## परिच्छेद- २

## अपाङ्गता भएका व्यक्तिको परिचयपत्र तथा अभिलेख

**३. अपाङ्गता परिचय पत्र वितरण सम्बन्धी व्यवस्थाः** (१) अपाङ्गता परिचय पत्र वितरण सम्बन्धी व्यवस्था सङ्घीय ऐन तथा नियमावली बमोजिम हुनेछ ।

(२) गण्डकी प्रदेश सरकारले अपाङ्गता परिचय पत्रमा एकरुपता कायम गर्दै विद्युतिय माध्यमबाट जारी गर्ने व्यवस्था मिलाउनेछ ।

(३) अपाङ्गता परिचय पत्र वितरण प्रक्रियालाई व्यवस्थित गर्न स्थानीय तहले अपाङ्गता परिचय पत्र वितरण सम्बन्धी कार्यविधि बनाउनु पर्नेछ ।

**४. अपाङ्गता भएका व्यक्तिको अभिलेखः** (१) ऐनको दफा ६ बमोजिम स्थानीय तहले अपाङ्गता भएका व्यक्तिको अभिलेख राख्दा संघीय नियमावलीको अनुसूची- ४ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(२) उपनियम १ बमोजिमको अभिलेखलाई थप खण्डिकृत गरी प्रदेश सरकारको सम्बन्धित मन्त्रालयमा आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त अभिलेख सहितको विवरण मन्त्रालयले सङ्घीय सरकारसँगको समन्वयमा पहुँचयुक्त विद्युतीय प्रणालीको विकास गरी सङ्कलन, संरक्षण, विश्लेषण तथा प्रशोधन गर्नेछ।

## परिच्छेद -३

## सेवा तथा सुविधाहरू

**५. सहायक सामग्री , प्रविधि, दोभाषे सेवा तथा अन्य सेवा सुविधाः** (१) प्रदेश सरकार र स्थानीय तहले अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताको प्रकृति, अवस्था र आवश्यकताका आधारमा संघीय नियमावलीको अनुसूचि ५ मा उल्लेख गरेका सहायक सामग्री तथा प्रविधि सर्वसुलभ रूपमा उपलब्ध गराउन निजि क्षेत्र, विकास साझेदार तथा नागरिक समाजसँग समेत सहकार्य गर्नेछ ।

(२) सहायक सामग्री उपलब्ध गराउँदा चिकित्सकीय आधारमा उपलब्ध गराइने सहायक सामग्री तथा प्रविधिलाई नाप जाँच तथा परीक्षणका आधारमा र गैर चिकित्सकीय सहायक सामग्रीहरूलाई व्यक्तिको आवश्यकताका आधारमा उपलब्ध गराइने छ ।

(३) सहायक सामग्री उपलब्ध गराउँदा प्रदेश सरकारले सम्बन्धित जिल्ला तथा स्थानीय तहबाट सहज वितरणको व्यवस्था मिलाउने छ ।

(४) पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूको लागि सहायक सामग्री, प्रविधि, प्रयोग सम्बन्धी अभिमुखिकरण र तालिमको व्यवस्था गरिनेछ ।

(५) सांकेतिक भाषा र स्पर्श सांकेतिक भाषाको विकास, प्रयोग र अनुसन्धान तथा तालिम केन्द्र स्थापना गरिनेछ ।

(६) प्रदेश भित्रका सार्वजनिक तथा सरकारी निकायले अपाङ्गता सहायता कक्ष स्थापना गर्नु पर्नेछ। सो सम्बन्धी कार्यविधि मन्त्रालयले तर्जुमा गरी लागु गर्नेछ ।

(७) प्रदेश भित्रका सार्वजनिक तथा सरकारी सेवा प्रवाह गर्ने निकायले आवश्यकता अनुसार साङ्केतिक भाषा दोभाषे, स्पर्श सांकेतिक भाषा दोभाषेको व्यवस्था गर्नु पर्नेछ ।

(८) प्रदेश अन्तर्गत सञ्चालनमा रहेका सञ्चार माध्यमहरुले अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त ढाँचामा सुचना तथा सामग्री उत्पादन, प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ ।

(९) सरकारी तथा सार्वजनिक सेवा प्रदायक निकायहरुले सूचना तथा जानकारीहरु पहुँचयुक्त ढाँचामा प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ ।

६. <u>**सामुदायिक सहायता सेवाः**</u> (१) प्रदेश सरकार र स्थानीय तहले पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता अनुसार उपयुक्त माध्यमको प्रयोग गरी देहाय बमोजिमका सामुदायिक सहायता सेवा निःशुल्क रूपमा उपलब्ध गराउनेछः-

(क) व्यक्तिगत सहयोगी सेवाः पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिका लागि आधारभूत आवश्यकता अनुसारको सहयोगी सेवा,

(ख) दैनिक हेरचाह तथा स्याहार सेवाः पूर्ण अशक्त अपाङ्गता, श्रवण दृष्टिविहीन अपाङ्गता, बौद्धिक अपाङ्गता, अटिजम, अनुवंशिक रक्तश्राव (हेमोफेलिया), मनोसामाजिक अपाङ्गता भएका दैनिक रूपमा निरन्तर हेरचाह सहयोग आवश्यक पर्ने अवस्थाका अपाङ्गता भएका व्यक्तिका लागि परिवारको कुनै सदस्य वा संरक्षक नभएको अवस्थामा सम्बन्धित स्थानीय तह मार्फत उपलब्ध हुने हेरचाह तथा स्याहारको सेवा र स्थानीय तहमा पुनर्स्थापना कार्यक्रम

मार्फत उपलब्ध हुने आवश्यक थेरापीहरु, पुनर्स्थापना, दैनिक जीवनोपयोगी सीप, सामाजिकीकरण सीप लगायतका सेवा,

(ग) क्लिनिकल परामर्श तथा रेफरल सेवा: स्थानीय स्वास्थ्य संस्था मार्फत अपाङ्गता भएका व्यक्तिका लागि उपलब्ध हुने आवश्यक क्लिनिकल परामर्श सेवा तथा स्वास्थ्य उपचारसँग सम्बन्धित रेफरल सेवा,

(घ) परामर्श तथा दौँतरी परामर्श सेवा: नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह मार्फत स्थानीय स्तरमा सञ्चालित पुनर्स्थापना केन्द्र वा अपाङ्गता सम्बन्धी गैरसरकारी संस्थाबाट सञ्चालित पुनर्स्थापना केन्द्रहरूबाट उपलब्ध गराइने परामर्श सेवा, दौँतरी परामर्श सेवा, मनोसामाजिक परामर्श सेवा, अभिभावक परामर्श सेवा, दोभाषे जस्ता सेवा।

७. **अपाङ्गता भएका व्यक्तिको शिक्षा:** (१) अपाङ्गता भएका व्यक्तिलाई प्रदेश सरकारले स्थापना गरेका शैक्षिक संस्थामा उच्च शिक्षा सम्मको अध्ययन निःशुल्क रुपमा उपलब्ध गराइनेछ ।

(२) प्रदेश सरकारले तोकेका शैक्षिक संस्थामा अपाङ्गता भएका व्यक्तिलाई उनीहरूको रुचि र क्षमता अनुरूप पहुँचयुक्तताको सिद्धान्त बमोजिम प्राविधिक शिक्षा प्रदान गरिनेछ ।

(३) प्रदेशले प्रदेशभित्र सञ्चालित विशेष विद्यालय, एकिकृत विद्यालय, समावेशी विद्यालय र स्रोत कक्षा सञ्चालित विद्यालयमा सम्बन्धित स्थानीय तहसँगको साझेदारीमा देहाय बमोजिमका शैक्षिक सेवा तथा सुविधा निःशुल्क उपलब्ध गराउनेछः-

(क) अपाङ्गता भएका विद्यार्थीलाई अध्ययनमा सहजता हुने आवश्यकतामा आधारित पहुँचयुक्त पाठ्यपुस्तक तथा पाठ्यसामग्री,

(ख) सूचना प्रविधिको माध्यमबाट अध्ययन अध्यापनको लागि आवश्यक पर्ने डेजि, ब्रेल डिस्प्ले, ब्रेल इम्बोसर, स्क्रिन रिडर सफ्टवेयर सहितको कम्प्युटर सफ्टवेयर, मोबाइल एप्लिकेशन, संकेत, सरल भाषामा बुझाउने शैक्षिक सामग्री , चित्रात्मक सामग्री, श्रव्य दृश्य, ठूला छापा, म्यागनिफाइन ग्लास, स्पर्श सञ्चार सामग्री लगायतका सूचना प्रविधि,

(ग) पहुँचयुक्त फर्निचर तथा अन्य भौतिक सामग्री,

(घ) अपाङ्गता भएका विद्यार्थीको लागि आवश्यक पर्ने खेलकुदका सामग्री ।

(४) अपाङ्गता भएका व्यक्तिको फरक र विशिष्ट आवश्यकता अनुसार पहुँचयुक्त शैक्षिक सामग्री तथा सहायक प्रविधि उपलब्ध गराइनेछ ।

(५) निजी क्षेत्रबाट सञ्चालित प्रदेशभरका विद्यालयहरूले अपाङ्गता भएका विद्यार्थीहरुलाई सहुलियत शुल्कमा शिक्षा प्रदान गर्न प्राथमिकता दिनु पर्नेछ ।

(६) प्रदेश सरकार र स्थानीय तहले अपाङ्गता भएका विद्यार्थीहरूको प्रतिभा पहिचान, क्षमता अभिवृद्धि तथा अपाङ्गता भएका विद्यार्थीमैत्री शिक्षण सिकाइ सुनिश्चित गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(७) प्रदेश सरकारले अपाङ्गताको वर्गीकरण र विशिष्ट आवश्यकता अनुसार पाठ्यक्रम, उपयुक्त परीक्षा तथा मूल्याङ्कन प्रणाली विकास गरी लागु गर्न सक्नेछ ।

(८) विशेष विद्यालय, एकिकृत विद्यालय, समावेशी विद्यालय र स्रोत कक्षा सञ्चालित सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा अपाङ्गता भएका व्यक्ति वा अभिभावकद्वारा सञ्चालित संस्थाका प्रतिनिधि र सम्बन्धित कक्षामा अध्ययनरत विद्यार्थीको अभिभावकको अनिवार्य प्रतिनिधित्व गराउनु पर्नेछ ।

(९) अपाङ्गताको गम्भीरता र वर्गीयताको आधारमा अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामग्री, प्रविधि, लिपी, संकेत लगायतका बारेमा प्रदेश सरकार र स्थानीय तहले कार्य योजना बनाई प्रदेशभित्र रहेका सम्पूर्ण विद्यालयका शिक्षकहरूलाई आवश्यक तालिम प्याकेज बनाई सञ्चालन गरिनेछ।

(१०) अपाङ्गता भएका विद्यार्थीको शैक्षिक मूल्याङ्कन प्रणाली, तथ्याङ्क संकलन र व्यवस्थापन, अपाङ्गता भएका शिक्षकका सवाल पहिचान गर्न हरेक स्थानीय तहले अपाङ्गता भएका शिक्षक वा प्रतिनिधि समेत सम्मिलित लेखाजोखा समितिको स्थापना गर्नु पर्नेछ ।

(११) लेखाजोखा समिति गठन र सञ्चालन सम्बन्धी व्यवस्था स्थानीय तहले जारी गरेको कार्यविधि बमोजिम हुनेछ।

(१२) अपाङ्गता भएका विद्यार्थीलाई अध्यापन गराउने शिक्षकका लागि प्रदेश सरकारले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी अपाङ्गताको शिघ्र पहिचान, सिफारिस, आवश्यक थेरापी, व्यक्तिगत पाठ्य योजना, व्यक्तिगत हेरचाह, क्षमता विकास, साङ्केतिक भाषा, स्पर्श साङ्केतिक भाषा लगायतका तालिम कार्यक्रम सञ्चालन गर्नेछ।

८. **<u>अपाङ्गता भएका व्यक्तिका बालबालिकाको लागि शैक्षिक सहायता:</u>** प्रदेश सरकार र स्थानीय तहले पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका असहाय र विपन्न व्यक्तिका बालबालिकाको लागि शैक्षिक सहायता उपलब्ध गराउनेछ।

९. **<u>स्वास्थ्य सुविधा उपलब्ध गराउने:</u>** (१) प्रदेश सरकारले सङ्घ र स्थानीय तहको समन्वयमा पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको निःशुल्क स्वास्थ्य बिमा गर्नेछ ।

(२) उपनियम (१) बमोजिम निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम लागू गर्दा क्रमशः पहिलो दोस्रो र तेस्रो आर्थिक वर्ष गरी लागू गर्न सक्नेछ ।

(३) अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदेशबाट सञ्चालित सरकारी स्वास्थ्य संस्थाहरूमा तोकिएका स्वास्थ्य सेवाहरु निःशुल्क उपलब्ध गराइनेछ ।

(४) नेपाल सरकारले तोकेको भन्दा कम बार्षिक आय भएका अपाङ्गता भएका व्यक्तिलाई गम्भीर तथा दीर्घ रोगको उपचारको लागि प्रदेश सरकारद्वारा सञ्चालित अस्पतालमा उपचार गराउँदा लाग्ने उपचार खर्चमा सहुलियत प्रदान गर्नु पर्नेछ ।

(५) प्रदेशभित्र सञ्चालित निजी स्वास्थ्य संस्थाहरूले अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य परीक्षण तथा उपचारमा यथाशक्य सहुलियत तथा छुटको व्यवस्था गर्नु पर्नेछ ।

(६) प्रदेश सरकारले राजपत्रमा प्रकाशन गरी सङ्घीय सरकार र स्थानीय तहसँग समन्वय गरी अनुवंशीय रक्तस्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक पर्ने फ्याक्टर र अपाङ्गता भएका व्यक्तिले अपाङ्गताको कारण नियमित प्रयोग गर्नुपर्ने स्वास्थ्य तथा सरसफाईका समाग्री र औषधी निःशुल्क उपलब्ध गराइनेछ ।

(७) प्रदेश सरकारका सबै स्वास्थ्य निकायहरूले जारी गर्ने सूचना, जानकारी तथा सबै सामग्रीहरू पहुँचयुक्त हुनु पर्नेछ ।

(८) यो नियमावली लागू भएपश्चात प्रदेशभित्र सञ्चालित स्वास्थ्य संस्थाहरूले आफ्नो भौतिक संरचनालाई पहुँचयुक्त बनाउनुपर्नेछ र सो सम्बन्धी जानकारी तथा गाइडिङ नक्सा पहुँचयुक्त फर्म्याट (ब्रेल, अडियो, क्याप्सनिङ, सरल भाषा) मा प्रकाशन गर्नु पर्नेछ ।

(९) प्रदेश सरकारले स्थानीय तहसँगको समन्वयमा विशेष विद्यालय, एकीकृत विद्यालय, समावेशी विद्यालय र स्रोत कक्षा सञ्चालित विद्यालयमा आवश्यक प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउनेछ ।

१०. **पुनर्स्थापना सम्बन्धी सुविधाः** कुनै सङ्घसंस्था वा निकायले पुनर्स्थापना केन्द्र स्थापना वा सञ्चालन गर्न चाहेमा संघीय नियमावली बमोजिम प्रक्रिया पूरा गरी गर्न सक्नेछ।

११. **खेलकुद, सांस्कृतिक तथा मनोरञ्जन सुविधा सम्बन्धी व्यवस्थाः** (१) प्रदेश तथा स्थानीय तहले अपाङ्गता भएका व्यक्तिलाई ऐनमा भएका व्यवस्थाका अतिरिक्त देहायका सुविधाहरू उपलब्ध गराउनेछः

(क) सार्वजनिक सेवा, सुविधा तथा पूर्वाधारहरूलाई अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त बनाउन आवश्यक प्रविधि तथा कलाको विकास गर्ने,

(ख) सामुदायिक भवन, पार्क मठ मन्दिर, बगैंचा पर्यटकीय स्थललगायतका सांस्कृतिक मनोरञ्जनका क्षेत्रहरु अपाङ्गता अनुकुलन बनाउने,

(२) प्रदेश तथा स्थानीय तहले हरेक वर्ष अपाङ्गता भएका व्यक्तिहरूका लागि खेलकुद प्रशिक्षण र प्रतियोगिता आयोजना गर्नेछ ।

(३) प्रदेश सरकार र स्थानीय तहले समन्वय गरी खेलकुद रङ्गशाला पहुँचयुक्त ढाँचामा निर्माण गर्नु पर्नेछ ।

१२. **यातायात तथा आवतजावत सम्बन्धी सुविधाः** (१) प्रदेशभर चल्ने सार्वजनिक यातायातले पूर्ण अशक्त, अति अशक्त र मध्यम अपाङ्गता भएका व्यक्तिलाई परिचय पत्रका आधारमा बस, रेल, हवाइजहाज जस्ता सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडामा पचास प्रतिशत छुट उपलब्ध गराउनु पर्नेछ ।

(२) देहाय बमोजिमका सीट क्षमता भएका सार्वजनिक सवारी साधनले देहाय बमोजिमका सीट अपाङ्गता भएका व्यक्तिका लागि सुरक्षित राख्नु पर्नेछः-

(क) दश वा सो भन्दा कम सीट क्षमता भएका सवारी साधनले एक सीट,

(ख) एघार देखि पन्ध्र सीट क्षमता भएका सवारी साधनले दुई सीट,

(ग) सोह्र देखि तीस सीट क्षमता भउका सवारी साधनले तीन सीट,

(घ) तीस भन्दा बढी सीट क्षमता भएका सवारी साधनले चार सीट,

(ङ) रेल लगायत ठूला सवारी साधनले कूल सीट संख्याको कम्तीमा पाँच प्रतिशत सीट ।

**१३. तालिम तथा रोजगारी सम्बन्धी सुविधाः** (१) प्रदेश सरकारले अपाङ्गता भएका व्यक्ति तथा अभिभावकको सीप अभिवृद्धि गरी व्यावसायिकता विकास तथा स्वरोजगारी सिर्जना गर्न व्यावसायिक तालिम तथा विउ पुँजी उपलब्ध गराउनेछ ।

(२) प्रदेश सरकारले उद्योग व्यवसाय सञ्चालन गरेका तथा गर्न चाहने अपाङ्गता भएका व्यक्ति, व्यवसायलाई उद्योग व्यवसायको स्थापना, सञ्चालन तथा स्तरोन्नतीका लागि सहजीकरण, सहुलियत दरमा ऋण , अनुदान, प्रविधि र उपकरण सहयोग उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

(३) अपाङ्गता भएका युवाहरुलाई नवप्रवर्तन तथा उद्यमशीलता विकासका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

(४) अपाङ्गता भएका यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायलाई नवप्रवर्तन तथा उद्यमशीलता विकासका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

(५) अपाङ्गता भएका व्यक्ति, अभिभावक तथा उनीहरुबाट सञ्चालित उद्योग व्यवसायबाट उत्पादन हुने सामग्रीको बिक्री वितरणमा प्रदेश र स्थानीय तहले सहजीकरण तथा बजारीकरणमा सहयोग गर्नु पर्नेछ।

(६) कुनै पनि प्रतिष्ठानले कुनै व्यक्तिलाई अपाङ्गता भएको आधारमा रोजगारीमा भेदभाव गर्न पाइने छैन ।

(७) प्रतिष्ठानले अपाङ्गता अनुकुलित कार्यस्थल र कार्यवातावरणको सिर्जना गर्नु पर्नेछ ।

(८) प्रदेश सरकार तथा स्थानीय तहले अपाङ्गता भएका व्यक्तिलाई सीप अभिवृद्धि तथा पुनर्ताजगी तालिमको व्यवस्था मिलाउनेछ ।

(९) प्रदेश लोकसेवा आयोगले लिने परीक्षा, परीक्षा प्रणाली, प्रश्न पत्र लगायत समग्र प्रक्रिया अपाङ्गता अनुकुलन बनाउनु पर्नेछ ।

(१०) प्रदेशभर सेवा प्रवेश तथा सेवाकालिन लगायतका अन्य तालिमहरूमा अपाङ्गता सम्बन्धी विषयवस्तु समावेश गर्नु पर्नेछ ।

**१४. अपाङ्गता भएका महिला तथा बालबालिका को विशेष संरक्षणः** (१) प्रदेश सरकार तथा स्थानीय तहले अपाङ्गता भएका महिलाको अधिकार संरक्षण गर्न र उनीहरूको ज्ञान, सीप तथा क्षमताको उच्चतम उपयोग गर्न उपयुक्त वातावरण निर्माण गर्न देहाय बमोजिमको व्यवस्था गर्नु पर्नेछः

(क) अपाङ्गता भएका महिलामा रहेका ज्ञान, सीप र क्षमताको पहिचानको लागि अध्ययन, अनुसन्धान र अन्वेषण गर्ने, गराउने,

(ख) खण्ड (क) बमोजिम भएको अध्ययन अनुसन्धानको आधारमा अपाङ्गता भएका

महिलाको ज्ञान, सीप र क्षमताको आधारमा उपयुक्त पेसा वा व्यवसायका लागि रोजगारमूलक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ग) अपाङ्गता भएका महिलाले निर्माण वा उत्पादन गरेका सामान तथा वस्तुको बिक्री तथा बजारीकरणको लागि आवश्यक सहजीकरण गर्ने,

(घ) अपाङ्गता भएका महिलाका लागि आयआर्जनका कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(२) अपाङ्गता भएका बालबालिकाको विशेष संरक्षणका लागि देहाय बमोजिमको व्यवस्था मिलाइनेछः-

(क) निजहरूको हेरचाह तथा स्याहारका लागि परिवारका सदस्य वा संरक्षकलाई आवश्यक तालिम तथा आयआर्जन सम्बन्धी व्यवसाय गर्न सहयोग गर्ने,

(ख) निजहरूको रोगको शीघ्र पहिचान, उपचार, औषधी तथा परामर्श सेवा स्थानीय स्वास्थ्य केन्द्रबाट उपलब्ध हुने गरी आवश्यक व्यवस्था मिलाउने,

(ग) स्थानीय तहमा अपाङ्गता भएका बालबालिकाको खेलकुद र मनोरञ्जनका लागि आवश्यक व्यवस्था मिलाउने,

(घ) स्थानीय स्वास्थ्य केन्द्र तथा अस्पतालमा प्रारम्भिक अपाङ्गता पहिचान, रेफरल सेवा, परामर्श तथा आधारभूत स्वास्थ्य सम्बन्धी पुनर्स्थापनाको लागि आवश्यक क्षमता विकास र मानव स्रोतको व्यवस्थापन गर्ने,

(ङ) बालबालिकाको उमेर अनुसार बौद्धिक तथा शारीरिक विकास ढिलाई भएमा वा उमेर अनुसारका विशेषताहरु नदेखिएमा परिवारका सदस्य वा सामाजिक कार्यकर्ताले यस्तो सूचना वडा कार्यालयमा दिन सक्ने गरी आवश्यक व्यवस्था गर्ने,

(च) स्थानीय तह मार्फत अपाङ्गता पहिचान भएका बालबालिकाको लागि आवधिक रूपमा अपाङ्गताको अवस्थाको मूल्याङ्कन, सेवा सुविधा पुनरावलोकन तथा आवश्यक थेरापी लगायत अन्य सेवाहरूको व्यवस्था गर्ने ।

(छ) अपाङ्गता भएका व्यक्ति, तथा विद्यालयमा अध्ययनरत अपाङ्गता भएका किशोर किशोरीहरुका लागि मनोसामाजिक समस्याका कारण उत्पन्न हुने समस्यालाई निराकरण गर्न प्रदेश सरकारले स्थानीय तह र साझेदार निकायसँगको समन्वयमा मनोसामाजिक परामर्श सेवा र सो सम्बन्धी तालिम सञ्चालन गरिने।

(ज) प्रदेशभित्र रहेका अस्पताल, क्लिनिक, स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र, उपस्वास्थ्य चौकी आदिमा कार्यरत चिकित्सक, नर्स, अहेब, अनमी, सिअहेब आदि कर्मचारीहरूलाई अपाङ्गताको प्रारम्भिक पहिचान तथा सहायक सामग्री नाप जाँच सम्बन्धी तालिम उपलब्ध गराइने ।

**१५. <u>अपाङ्गता भएका महिलाको यौन तथा प्रजनन अधिकारः</u>** (१) अपाङ्गता भएका महिलाहरूका लागि सुरक्षित र मर्यादित महिनावारी, यौन तथा प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व लगायतका विषयमा जनचेतना अभिवृद्धि गर्न प्रदेश सरकारले स्थानीय तह र अन्य साझेदार निकायसँगको समन्वयमा कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) विद्यालय तहमा अध्ययनरत अपाङ्गता भएका किशोरीहरूलाई आवश्यक पर्ने सेवा तथा सामग्रीहरु प्राथमिकताका साथ निशुल्क उपलब्ध गराइनेछ।

(३) अपाङ्गता भएका महिलाहरूको विशेष आवश्यकतालाई मध्यनजर गर्दै प्रदेशभित्र सञ्चालित स्वास्थ्य संस्थाहरूमा अपाङ्गता भएका महिला तथा किशोरीमैत्री वातावरण निर्माण गर्ने।

(४) अपाङ्गता भएका महिलाहरूलाई सुरक्षित मातृत्व, परिवार नियोजन र यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी शिक्षा उपलब्ध गराउने।

**१६. <u>अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँचः</u>** (१) अपाङ्गता भएका महिलाहरुको न्यायमा पहुँच अभिवृद्धि गर्न प्रदेश सरकारले सङ्घीय सरकार, स्थानीय तह, नागरिक समाज र साझेदार निकायसँग समन्वय गरी विशेष कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) अपाङ्गता भएका महिलाहरूलाई नि-शुल्क कानूनी उपचार दिलाउन प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाउनेछ ।

**परिच्छेद-५**

**विविध**

१७. **पहुँचयुक्तता तथा पहुँचयुक्तता परीक्षणः** (१) प्रदेश भित्रका सार्वजनिक, सरकारी तथा निजी क्षेत्रद्वारा निर्माण गरिने सार्वजनिक भौतिक संरचना, सेवा , सूचना एवं प्रविधिहरू पहुँचयुक्त ढाँचामा निर्माण गर्नु पर्नेछ ।

(२) सर्वसाधारणका लागी खुला गरिएका भवन वा सार्वजनिक संरचनामा पहुँचयुक्तता र सहजताको लागि पथ प्रदर्शक, वाचक तथा व्यावसायिक साङ्केतिक भाषा अनुवादक र दोभाषे, स्पर्श सांकेतिक भाषा दोभाषे, क्याप्सनर, प्रत्यक्ष सहयोगी सेवा आदि उपलब्ध गराउन प्राथमिकता दिनु पर्नेछ ।

(३) पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिका निजी आवासलाई पहुँचयुक्त बनाउन सहयोग र प्रोत्साहन गर्नु पर्नेछ ।

(४) प्रदेश सरकारले प्रदेश भित्र सञ्चालित योजना तथा कार्यक्रमहरु अपाङ्गता समावेशी भए नभएको अनुगमन गर्न सक्नेछ ।

(५) प्रदेश तथा स्थानीय तह अन्तर्गतका सरकारी तथा सार्वजनिक सेवा प्रदायक कार्यालयहरू पहुँचयुक्त भए नभएको यकिन गर्नको लागि हरेक वर्ष पहुँचयुक्तता परीक्षण गरिनेछ ।

(६) उपनियम (५) बमोजिम पहुँचयुक्तता परीक्षणका लागि आवश्यक कार्यविधि तर्जुमा गर्नु पर्नेछ।

१८. **विपद् व्यवस्थापनः** (१) स्थानीय तहमा हुने विपद् व्यवस्थापन सम्बन्धी गतिविधिमा अपाङ्गता भएका व्यक्तिलाई सहभागी गराउने र यसका लागि पूर्व तयारी, खोज तथा उद्धार, राहत पुनर्स्थापना र पुनर्लाभ तथा विपद् पश्चातको अवस्थामा अपाङ्गता भएका व्यक्तिको सहज पहुँच सुनिश्चित गर्न आवश्यक तालिम, अभिमुखीकरण, सिमुलेशन र ड्रिल सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(२) विपद् पूर्व तयारीका चरणमा गरिने सामग्रीको भण्डारणमा अपाङ्गता भएका व्यक्तिका आवश्यकतालाई समेत मध्यनजर राखी त्यस्ता सामग्रीको छुट्टै सूची बनाई भण्डारण गर्ने व्यवस्था मिलाउने साथै विपदसँग सम्बन्धित सम्पूर्ण सूचना तथा जानकारीहरु पहुँचयुक्त ढाँचामा प्रकाशन र प्रसारण गर्नु पर्नेछ ।

(३) विपद् व्यवस्थापनका लागि गठन भएका वा हुने समितिहरुमा अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्व सुनिश्चित हुनु पर्नेछ ।

१९. **दृष्टिविहीन कर्मचारीको हाजिरी तथा अन्य व्यवस्थाः** (१) प्रदेश तथा स्थानीय तहमा कार्यरत दृष्टिविहीन शिक्षक तथा कर्मचारीको दैनिक हाजिरी, निजहरूले बुझाउनुपर्ने कागजात, भर्नुपर्ने फारम इत्यादि पहुँचयुक्त ढाँचामा उपलब्ध गराउनु पर्नेछ ।

(२) दृष्टिविहीन तथा छापा अक्षर लेख्न वा पढ्न गाह्रो हुने व्यक्तिहरूले ब्रेल र सहायक प्रविधिको प्रयोग गरी निर्माण गरिएका कागजातहरूलाई मान्यता दिने प्रणालीको विकास गरिनेछ ।

२०. **नियमको हेरफेर वा थपघटः** मन्त्रालयले प्रदेशस्तरीय निर्देशन समितिको सिफारिसमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीमा समावेश गरिएका प्रावधानलाई थपघट वा हेरफेर गर्न सक्नेछ ।

२१. **कार्यविधि र निर्देशिका बनाउने अधिकारः** यस नियमावलीको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

आज्ञाले,
डा.शेषनारायण पौडेल
प्रदेश सरकारको सचिव

मुद्रकः- गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.२५